जनहितमा जारी

सामान खरीद गर्दा सकभर नजीकको आफ्नै टोलको पसलबाट खरीद गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न वस्तु वा सेवा, सुविधा उत्पादन, बिक्री वितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नुहुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ माघ २५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 07 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १६३

## सीमा खुले पनि भारतीय पर्यटक आएनन्

प्रस, परवानीपुर, २४ माघ/

नेपाल सरकारले नेपालतर्फको २२ वटा नेपाल–भारत सीमानाका खुला गरे तापनि भारतबाट पर्यटकहरू आउने क्रम शुरू भएको छैन । सरकारले गत माघ ११ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार भारततर्फका २२ र चीनतर्फका १६ वटा नाका खुला गरेको हो ।


तस्वीरः प्रतीक

नाका खुलेको दुई हप्ता बितिसक्दा पनि आवागमन पहिले जस्तो लयमा फर्किन सकेको छैन । नाका खुले पनि सीमानाका सहज भएको देखिएको छैन । नेपाल–भारतको मुख्य नाका वीरगंज नाकाबाट अहिले पनि पर्यटकहरू आउन नसकेको होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्तले बताए । "सरकारले नाका खोलेको घोषणा त गऱ्यो तर त्यो व्यवहारमा कठिन किसिमको छ । सरकारले निर्दिष्ट गरेको नियम पूरा गर्न धेरै झन्झट भएकोले भारतीय पर्यटकहरू नआएका हुन्," पन्तले बताए ।

"स्थलमार्गबाट आउने भारतीयको हकमा अनलाइन फाराम भरेर अनुमति लिनुका साथै पिसिआर रिपोर्ट लिएर मात्रै आउन भनिएको छ, जुन निकै झन्झटिलो छ । अर्कोतर्फ भारतीय सवारीसाधन लिएर आउनेहरूका लागि सरकारको पछिल्लो निर्देशन मौन छ," अध्यक्ष पन्तको भनाइ थियो ।

क्षेत्रीय होटल सङ्घका पूर्वअध्यक्ष सुमन घिमिरेले भने नाका खुले पनि भारतीय पर्यटकहरू नेपाल आउन डराइरहेको बताएका छन् । "दैनिकरूपमा ह्वाट्सएप, इमेलमार्फत सोधपूछ गरिरहेका छन्, उनीहरू आफ्नो गाडी लिएर आउन चाहन्छन्, तर सरकारले सहज मापदण्ड नबनाएकोले भारतीय पर्यटकहरू आउन हिचकिचाइरहेका छन्," घिमिरेले भने, "सरकारले भारतीय तथा तेस्रो मुलुकका पर्यटकको लागि सहज नाकाको चेक प्वान्टमा केही सामान्य औपचारिकता तथा स्वास्थ्य मापदण्ड पूरा गरी आउन दिनुपर्छ ।" पर्यटकका लागि सीमानाका सहज नगरिए पर्यटन व्यवसायी थप मारमा पर्ने उनको विश्लेषण छ ।

वीरगंज–रक्सौल नाकाको सम्बन्धमा भारतीय अधिकारीले लकडाउनभन्दा पहिलेको जस्तै सहज गरिदिएको भएपनि नेपालतर्फ सरकारले तोकेका विभिन्न प्रावधानका कारण भारतीय पर्यटकहरूको आवागमन असहज बनेको छ । जिल्ला सुरक्षा समिति पर्साका एकजना अधिकारीका अनुसार माघ ११ गतेको निर्देशनपछि अवस्था थप कडा पारिएको छ । कोरोना भाइरसको नयाँ सङ्क्रमणलाई रोक्न सरकारबाट कडा गाइडलाइन आएको उनले बताए ।

हवाई मार्गबाट आउने भारतीय तथा तेस्रो मुलुकका पर्यटकले भिसा र फ्लाइट कन्फर्म भएपछि ७२ घण्टाभित्रको नेगेटिभ पिसिआर परीक्षण रिपोर्टको साथमा वेबसाइट 'सिसिएमसी डट जिओभी डट एनपी'मा आवश्यक जानकारीसहितको फाराम भर्नुपर्छ । सिसिएमसीमा फर्म सबमिट गरेपछि उपलब्ध गराइएको जेनेरेटेड बार कोड प्रिन्ट गरी वा स्क्रीन सट खिचेर नेपाल भित्रिनुपर्ने प्रावधान छ । त्यसैगरी, भारतीय नाका भएर स्थलमार्गबाट आउनेले ७२ घण्टाभित्रको नेगेटिभ पिसिआर रिपोर्टसहित सोही साइटमा अनलाइन फाराम भरेपछि नेपाल आउने स्वीकृतिसहितको बार कोड भारतीय मोबाइल म्यासेजबाट पाउनेछन् । सोको प्रिन्ट वा स्क्रीन सट गरी भारतसँग टाँसिएको नेपाली नाकामा रहेको हेल्प हेस्कमा सम्पर्क गर्नुपर्छ । त्यसपछि स्वास्थ्य परीक्षण गरेर मात्रै नेपाल भित्रिन पाइने व्यवस्था छ ।

गृह मन्त्रालयको यही माघ ११ गतेको निर्णय अनुसार लकडाउनसँगै बन्द भएका नाकाहरूमध्ये भारततर्फ खजुरगाछी (झापा), भन्टाबारी (सुनसरी), कुनौली (सप्तरी), जटही (धनुषा), इनर्वा (धनुषा), भिट्ठामोड (महोत्तरी), मलङ्वा (सर्लाही), बङ्कुल (रौतहट), मटिअर्वा (बारा), सिम्रौनगढ (बारा), त्रिवेणी (पूर्वी नवलपरासी), महेशपुर (पश्चिम नवलपरासी), तौलिहवा (कपिलवस्तु), कोइलाबास (दाङ), सुरजपुर (बर्दिया), र चीनतर्फ तातोपानी (सिन्धुपाल्चोक) नाका खुला गरेको हो ।

त्यसभन्दा पहिले भारततर्फ पशुपतिनगर (इलाम), काँकडभिट्टा (झापा), रानी (मोरङ), माडर (सिराहा), गौर (रौतहट), वीरगंज (पर्सा), कृष्णनगर (कपिलवस्तु), बेलहिया (रूपन्देही), जमुनाह (बाँके), गौरीफन्टा (कैलाली), गड्डाचौकी (कञ्चनपुर), खलङ्गा/पुलाघाट (दार्चुला) र झुलाघाट (बैतडी) र चीनतर्फ रसुवागढी (रसुवा) नाका खोलिएको थियो ।

## चारजना महिलासहित १०३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २४ माघ/

वीरगंज महानगरपालिका–३ छपकैयामा शनिवार भएको रक्तदान हेल्पिङ युथ क्लब अफ वीरगंजले आयोजना गरेको रक्तदान कार्यक्रम आविद हुसेनको अध्यक्षतामा भएको थियो



तस्वीरः प्रतीक

कार्यक्रममा चारजना महिलासहित १०३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए । भने प्रमुख अतिथि जसपाका केन्द्रीय सदस्य राजेशमान सिंहले उद्घाटन गरेका

(बाँकी अन्तिम पातामा)

## वीरगंजमा काङ्ग्रेसको वर्गीय सङ्गठनद्वारा विरोध प्रदर्शन

प्रस, वीरगंज, २४ माघ/

वीरगंजमा नेपाली काङ्ग्रेसका जनवर्गीय सङ्गठनहरूले विरोध प्रदर्शन प्रदर्शन भएको हो ।

बिहान साढे ११ बजे घण्टाघरचोकबाट शुरू भएको जुलुस



तस्वीरः प्रतीक

गरेका छन् । संसद् पुनर्स्थापनाको माग गर्दै काङ्ग्रेसका करीब दुई दर्जनभन्दा बढी वर्गीय सङ्गठनको सहभागितामा आदर्शनगर–घडीअर्वा चोक हुँदै पुनः घण्टाघरमा आएर कोणसभामा परिणत

(बाँकी अन्तिम पातामा)



**हकको कमाऊ, हकको खाऊ र शुद्ध हकलाई नै सदैव सेवन गर । अरूको धनलाई भयानक विष सम्झ ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सुख भोग्ने इच्छा नाशको उपाय

पहिले चित्त–शुद्धिको लागि सुख–भोग्ने इच्छालाई त्यागन भनिन्थ्यो । अब विचार यो गर्नुपर्छ, सुखभोगको इच्छा कसरी उत्पन्न हुन्छ र यसको त्याग कसरी गर्न सकिन्छ ? विचार गर्दा यसको त्याग गर्ने दुईटा उपाय छन्– एउटा विचार र अर्को प्रेम, किनभने अविचारको कारण शरीरमा अहम् भाव भएपछि र त्यससँग सम्बन्ध राख्ने पदार्थमा मेरोपन आउँछ अनि भोगेच्छा उत्पत्ति हुन्छ ।

यो हरेक मनुष्यले गरेको अनुभवको कुरा हो, जब उसलाई कुनैप्रति क्षणिक प्रेम पनि हुन्छ, तब त्यस समय उसले अनायस प्रसन्नतापूर्वक आफ्नो प्रेमास्पदलाई सुख दिने भावनाबाट आफ्नो सुखको त्याग गर्छ। त्यस समय उपभोगको स्मृति लुप्त हुन्छ र उसले आफ्नो प्रेमास्पदबाट सुख दिनमा नै रस पाउँछ। त्यस रसको अगाडि उपभोगको रस फिक्का पर्छ । जब साधारण प्रेममा यो कुरा हुन्छ भने प्रेमको तत्त्वलाई बुझ्नेले हरेक प्राणीलाई सदैव प्रेम मात्र गर्छ, प्रेम नै जसको स्वभाव हो, यस्तो परम प्रेमास्पद प्रभुको प्रेमप्रति जसलाई लालसा हुन्छ, त्यस प्रेमीले सबै प्रकारका सुखभोगसम्बन्धी इच्छाहरू प्रयत्नविना स्वतः त्यागन सक्छ । यसरी सिद्ध हुन्छ प्रेमबाट पनि इच्छाहरूको त्याग अनायस नै हुन सक्छ।

त्याग र प्रेमबीच घनिष्ठ सम्बन्ध हुन्छ। प्रेमबाट त्याग हुन्छ र त्यागबाट प्रेम पुष्ट हुन्छ । अतः साधकले आफ्नो प्रेमास्पद प्रभुको नाता हरेक प्राणीलाई सुख पुऱ्याउने भावना राख्नुपर्छ । यस भावनाबाट मनुष्यको अन्तःकरण चाँडै शुद्ध हुन्छ र विशुद्ध अन्तःकरणमा प्रेमास्पद प्रभुको प्रेमको लालसा स्वतः प्रकट हुन्छ ।

साधकले प्राप्त शक्तिद्वारा प्रभुको नाताले अरूको अधिकारको पूर्ति गर्नुपर्छ र कसैमाथि आफ्नो कुनै अधिकार जमाउनुहुँदैन । शरीर निर्वाहको लागि आवश्यक पदार्थ पनि अरूको प्रसन्नताको लागि, उसको अधिकार सुरक्षित राख्नको लागि मात्र स्वीकार गर्नुपर्छ । लिनु पनि दिनु नै हो किनभने यस शरीरबाट जसको अधिकार पूर्ति हुन्छ, त्यसको पनि यसमा अधिकार हुन्छ । जब साधक शरीर र प्राप्त वस्तु तथा सबै प्रकारका शक्तिलाई आफ्नो प्रभुको मान्छ, त्यसमाथि आफ्नो कुनै अधिकार मान्दैन, त्यसबाट कुनै प्रकारको उपभोगको आशा पनि गर्दैन, तब उसले जे गर्छ, त्यो त्याग र प्रेम नै हो, जुन अन्तःकरण शुद्धिको मुख्य साधन हो ।

प्रेमको अधिकारी प्रेमी नै रहन्छ, भोगी रहँदैन किनभने उपभोगबाट प्रेममा शिथिलता आउँछ। गम्भीर विचार गर्दा यो बुझ्न सकिन्छ– जीव र ईश्वर दुवै नै प्रेमी हुन्। यसमा कोही पनि भोगी छैन। जीवमा जुन भोगबुद्धि जाग्रत हुन्छ, त्यो केवल देहको सम्बन्धमा हुन्छ, स्वाभाविक हुँदैन र देहको सम्बन्ध अविचारसिद्ध हुन्छ, यो सबै दर्शनकार मान्छन् । अतः प्रेमको लागि विवेकपूर्वक देहसँग असङ्ग भएर चाहनारहित हुनु परम आवश्यक छ ।

**भोगी मनुष्य प्रेमको अधिकारी हुँदैन । त्यो त सेवाको अधिकारी हुन्छ । प्रेमको अधिकारी चाहनाबाट र हित नै हुन्छ किनभने चाहनायुक्त व्यक्तिको साथ गरिएको प्रेम स्थायी हुँदैन । त्यो त्यस प्रेमलाई पनि आफ्नो चाहना–पूर्तिको साधना मान्छ । अतः प्रेमको आदर गर्न सक्दैन ।**

ईश्वर र जीव दुवै प्रेमी हुन्छन् किनभने प्रेममा ठूलो अन्तर हुन्छ, ईश्वर चाहनारहित र समर्थ पनि छन्। जीव चाहनारहित छ तर समर्थ छैन। जीवमा प्रेमको भोक हुन्छ, यसैले ऊ प्रेम गर्छ र ईश्वर माधुर्यभावबाट प्रेरित भएर जीवलाई प्रेम प्रदान गर्न ऊसँग प्रेम गर्छ। ईश्वर सबै प्रकारले पूर्ण र सर्वथा असङ्ग छ, अतः उसमा कुनै प्रकारको चाहना हुँदैन ।

जीवले भोग र त्यसको चाहनालाई त्याग गर्छ, उसमा कुनै महत्त्वको कुरा हुँदैन, किनभने भोगलाई भोग्नुको परिणाम रोग हो । त्यसबाट जोगिन त्यसको त्याग अनिवार्य छ। योविना जीवले जेसुकै वस्तु र कर्मशक्ति प्राप्त गर्छ, त्यो पनि ईश्वरले नै दिएको हो। अतः त्यसको त्याग गर्नु कुनै ठूलो उदारता होइन । यस प्रकार सद्गतिको लालसालाई त्याग्नुपर्छ । किनभने सबै प्रकारका भोगको चाहनाबाट रहित भएपछि दुर्गति हुँदैन । यतिमात्र होइन, जीव यस इमानदारीलाई अर्थात् त्यसको नाम मात्र त्याग गरेपछि ईश्वरले सहज कृपालु स्वभावबाट जीवको निकै ठूलो उदारता मान्छ र जीवमाथि यसरी प्रेम गर्छ कि स्वयम् पूर्णकाम भएपछि जीवबाट प्रेम गर्ने कामनालाई आफैंमा आरोप लिन्छ किनभने प्रेम ईश्वरको स्वभाव हो र जीवको माग हो। अतः जो उनीसँग प्रेम गर्छ, ईश्वर उसलाई आफ्नो ऋणी मान्छ । साँच्चै एकमात्र ईश्वर नै प्रेमी हो किनभने प्रेम प्रदान गर्ने सामर्थ्य अन्य कसैमा हुँदैन ।

भोगी मनुष्य प्रेमको अधिकारी हुँदैन। त्यो त सेवाको अधिकारी हुन्छ। प्रेमको अधिकारी चाहनाबाट रहित नै हुन्छ किनभने चाहनायुक्त व्यक्तिको साथ गरिएको प्रेम स्थायी हुँदैन । त्यो त्यस प्रेमलाई पनि आफ्नो चाहना–पूर्तिको साधना मान्छ। अतः प्रेमको आदर गर्न सक्दैन ।

# ओलीको कदम घातक कि बन्द-हडताल ?

प्रधानमन्त्री केपीशर्मा ओलीको सिफारिशमा प्रतिनिधिसभा विघटन र प्रावधान मिचेर संवैधानिक निकायहरूमा नियुक्तिको विरोधमा नेकपा प्रचण्ड–माधव समूहले विरोध जारी राखेको छ। जसरी पनि सत्ताको आयु लम्ब्याउने प्रधानमन्त्रीको तिकडम र सत्तासीन दलका शीर्षस्थ आसनमा आसीनहरूबीच भागबन्डाको बखेडा नमिल्दा उत्पन्न असहजताको मार आम दैनिकीले खेप्नुपरिराखेको छ। आफ्नो कदम सही थियो भन्ने देखाउन प्रधानमन्त्रीले दिएका अभिव्यक्ति र विरोधी खेमाका आलोचनालाई मिहीनरूपमा केलाउने हो भने कुनै पनि समूहमा देश र जनताप्रतिको हित र जवाफदेहिता प्रकट हुँदैन। दुईतर्फी प्रतिवादका पहेलीहरूको सोझो अर्थ स्वार्थ सङ्घर्षबाहेक अन्य केही लाग्दैनन्। दोषको ओजका बारेमा यसै स्तम्भमा यसअघि चर्चा भइसकेकै छ ।

राजनीतिमा सत्ता र प्रतिपक्षबीच तानातानको अवस्था हुन्छ । संसदीय व्यवस्थाको यो औसत अभ्यासविपरीत हामीकहाँ सत्तारूढ दलबीचकै झगडाको कारण बहुमतको सरकार भएर पनि मुलुकमा राजनीतिक अस्थिरताको माहोल छ । यो नीति हराएको राजनीतिको परिणति हो। राजनीतिको आवरणमा जनता तर अन्तर्यमा शक्ति आर्जनको लालसा र स्वार्थको बेमेल हुनुका कारण आजको राजनीति जनताको अपेक्षाविपरीत अघि बढेको छ। लामो सङ्क्रमणलाई चिर्दै संविधान र बलियो बहुमतसहितको सरकार बनेपछि अर्थ–राजनीतिक स्थायित्वको अपेक्षा पालिएको थियो । यो अपेक्षा अरूका कारण नभएर स्वयम् सत्तासीन दलका शीर्षस्थको अहङ्कारका कारण अवशान भएको छ ।

अहिले सत्ता र सडक दुवैतिर सत्तारूढ दलले अराजकता मच्चाइराखेको अवस्था छ । नेकपाको ओली र प्रचण्ड–माधव समूहको सङ्घर्षमा गरिखाने आम वर्ग पिल्सिएको छ । प्रचण्ड–माधव समूहले यसबीचमा आम हडताल गरायो । बन्दका क्रममा केही तोडफोडसमेत भए । सत्ता चलाइराखेको ओली समूहले पनि आफ्नो शक्ति देखाउन थालेको छ । प्रचण्ड–माधव समूहको आम हडतालको भोलिपल्टै ओली समूहले देशभरिबाट कार्यकर्ता ओसारेर काठमाडौंमा प्रदर्शन गऱ्यो । अहिले मुख्य प्रतिपक्षी नेपाली काङ्ग्रेस औसत मौन देखिएको छ । न्यायालयको निर्णय पर्खिएको काङ्ग्रेसले चुवावलाई रणनीतिक लाभको औजार बनाउन खोजेको देखिन्छ । काङ्ग्रेसलगायतका अन्य दलहरूले फाटफुट प्रदर्शन गरिराखेका छन् ।

मुलुक राजनीतिक द्वन्द्वमा फस्न लागेको भन्दै उद्यमी–व्यवसायीका प्रमुख सङ्गठनहरूले चिन्ता प्रकट गरिसकेका छन्। बन्द–हडतालप्रति पनि यी संस्थाहरूले गम्भीर चासो र चिन्ता जाहेर गरेका छन् । राजनीतिक दलहरूले विरोधका कार्यक्रम गर्दा आर्थिक गतिविधि प्रभावित नहुने प्रत्याभूति गर्नुपर्दछ । कोरोनाबाट थलिएको अर्थतन्त्रलाई उकास्ने मामिलामा राजनीति असफल भइराखेको बेला आफ्नै बलबुतामा बौरिन लागेका आर्थिक आयामहरूमाथि पुनः समस्या थप्ने काम कदापि शोभनीय हुन सक्दैन । आर्थिक विकासका लागि राजनीतिक स्थायित्वको खाँचो पर्दछ । त्यसमाथि अहिलेको सत्ता राजनीतिको सार्वजनिक छवि निजी क्षेत्र र विकासमैत्री साबित हुन सकेको छैन । सर्वहारा वर्गको वकालत गरेर नथाक्ने कम्युनिस्ट सरकार सीमित दलाल पूँजीपति र भ्रष्टहरूको संरक्षकको रूपमा उभिएका उदाहरणहरूको कमी छैन । यस्तो प्रवृत्तिले औसत र स्वाभाविक आर्थिक सरोकारहरू समस्यामा पर्नेमा पनि आशङ्का आवश्यक पर्दैन ।



समयान्तर

ओमप्रकाश खनाल

omkhanal@gmail.com

**अब बन्द–हडतालजस्ता विरोधका अराजक र घातक शैलीको सट्टा शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनको सान्दर्भिकता बढेर गएको छ । गरिखाने वर्गको दिनचर्या नबिथोलिने विरोधका स्वरूप र शैलीप्रति मात्रै सहयोग, सद्भाव र सहानुभूतिको सम्भावना हुनेछ ।**

जसले जसरी जे उद्देश्यका लागि प्रदर्शनलाई जारी राखे पनि यसबाट गरिखाने वर्ग प्रभावित भएका छन् । लगानीकर्ताको मनोविज्ञान अन्योलले घेरिएको छ। कारण र दोषको ओजको हिसावकिताबबारे यसअघि नै पर्याप्तै चर्चा भइसकेको छ । राजनीतिक विग्रहले आर्थिक र सामाजिक थितिलाई बिथोल्ने काम गर्दछ भन्नेमा चाहिं विवाद आवश्यक छैन । राजनीतिक विवादलाई सडकमा ल्याउँदा अर्थतन्त्रमा गम्भीर असर पर्ने र गरिखाने विपन्न वर्ग नै अत्यधिक प्रताडित हुन्छ । राजनीतिक नेतृत्व यसमा कति पनि गम्भीर देखिएको छैन । अहिले सडकमा उत्रिएका नेकपाजनमा पूर्वमाओवादीको सङ्ख्या अधिक छ । हामीलाई थाहा छ, माओवादीको सशस्त्र द्वन्द्व र त्यसपछिका समयमा भएका बन्द–हडतालका कारण नेपालको आर्थिक अभिवृद्धि तहसनहस भएको थियो ।

नेपाल राष्ट्र बैंकले सन् २००८ देखि २०१३ सम्मको ५ वर्षमा भएका बन्द–हडतालको अध्ययन गरी तयार पारेको प्रतिवेदनले एक दिनको बन्दले अर्थतन्त्रमा औसत १ अर्ब ८० करोड रुपैयाँबराबरको क्षति पुग्ने देखाएको थियो । त्यति बेला बन्दका कारण कुल गार्हस्थ उत्पादनमा १ दशमलव ४ प्रतिशतले कमी आएको देखाइएको थियो। बन्द–हडतालका कारण ती ५ वर्षमा १ खर्ब १६ अर्ब रुपैयाँबराबरको क्षति पुगेको अध्ययनले देखायो । नेपाल उद्योग वाणिज्य महासङ्घले गरेको एक अर्को अध्ययनले बन्द–हडतालबाट दैनिक ३ अर्ब रुपैयाँबराबरको क्षति पुग्ने देखाएको थियो। तत्कालीन मधेसवादी दलले २०७२ सालमा संविधानको विरोधमा गरेको ६ महीने बन्द र नाकाबन्दीका कारण त्यस वर्ष आर्थिक वृद्धि ऋणात्मक भएको थियो । बन्द–हडतालजस्तो घातक गतिविधिमा राजनीतिक दलहरू नै सबैभन्दा अग्रपङ्क्तिमा प्रकट भइआएका छन् ।

सत्तारूढ दलभित्रको किचलोका कारण प्रतिनिधिसभा भङ्ग भएर आगामी वैशाखमा निर्वाचन गर्ने तयारी भइरहे पनि ढुक्क हुने आधार फेला पार्न सकिएको छैन । चुनाव घोषणा भइसकेको अवस्थामा ओली नेतृत्वको सरकार स्वतः कामचलाउ हैसियतमा पुगिसकेको छ । यस्तो सरकारले दैनिक प्रशासनिक कार्य सञ्चालनबाहेक ठूला निर्णय गर्न पाउँदैन। ओली सरकारले संवैधानिक नियुक्तिका लागि सुनुवाइसमेत नगराइ पदभार सुम्पिएको छ । यो गम्भीर आपत्तिको विषय हो । प्रतिनिधिसभा विघटनको मुद्दा सर्वोच्चमा विचाराधीन छ। सडकमा पनि यसको विरोध भइरहेको छ । तर देशभरिको आवातजावत ठप्प पारेर र आम दैनिकीलाई अस्तव्यस्त बनाएर गरिने विरोध घातक छ ।

कोरोना महामारीका कारण गरिखाने वर्ग नै बढी मारमा परेको छ। यस्तोमा ससाना व्यापार–व्यवसाय चलाउनेहरू बढी प्रभावित छन् । निजी क्षेत्रमा काम गर्ने ठूलो जनशक्तिले रोजगार गुमाएको छ । सरकारले महामारीमा ज्यान जोगाउन विदेशबाट फर्किएकाहरूलाई रोजगार दिने दाबी गरेको थियो । अहिले यस्तो शक्ति बाहिरिने क्रम रोकिएको छैन। देशभित्रै रोजगार गुमाउनेहरूको सङ्ख्या पनि सानो छैन । सरकार अब विरोधको सामना र चुनावको तयारीमा लागेकाले रोजगार सृजना हुने खालका विकास निर्माणका काम र योजनाहरूमा शायदै केन्द्रित हुनेछ। सरकारले रोजगार दिने खालका कुनै पनि कार्यक्रम कार्यान्वयनमा लैजान सकेको छैन। सरकारले वैदेशिक रोजगारबाट फर्किएका युवालाई कामका लागि चालू आर्थिक वर्ष २०७७/७८ को बजेटमा १५ वटा कार्यक्रमका लागि ४६ अर्ब ९९ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो। ८ लाखजनालाई रोजगार दिने सरकारको योजना थियो । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट थप २ लाखजनालाई रोजगार दिन ११ अर्ब ६० करोड रुपैयाँ छुट्याइएको थियो । यस्ता कार्यक्रमका लागि सरकारले विश्व बैंकसित १४ अर्ब रुपैयाँबराबरको ऋण सम्झौता पनि गरिसकेको छ । तर राजनीतिक खिंचातानीमा रुमलिएको सरकार र यसका संयन्त्रबाट यसको अपेक्षित कार्यान्वयन असम्भव नै छ । निर्माण क्षेत्र रोजगारको एउटा मुख्य आधार हो। कोरोना महामारीका कारण यो क्षेत्र पनि प्रभावित छ। पटक–पटक म्याद थप्दा पनि योजना पूरा हुन सकेका छैनन्। सरकारले पुनः ६ महीनाका लागि समय थपिदिएको छ। यो समयमा पनि काम पूरा हुनेमा ढुक्क हुने आधार निर्माण व्यवसायीको शैलीले देखाएको छैन। यो क्षेत्रका बेथितिमा निर्माण व्यवसायी मात्र नभएर सरकारी प्रक्रिया र कर्मचारीको मनोविज्ञानमा पनि समस्या छ । यस्ता समग्र समस्याहरूले रोजगार नै खुम्चिएको छ। यस्तो अवस्थामा आह्वान हुने बन्द–हडतालले तिनै विपन्न वर्ग बढी प्रताडित हुने तथ्यप्रति विरोधकर्ता संवेदनशील हुन जरुरी छ ।

प्रधानमन्त्री ओलीको गैरसंवैधानिक कदम जति आलोचनायोग्य छ, त्यसको विरोधमा हुने गैरमानवीय शैली पनि उति नै निन्दायोग्य छ । गरिखाने वर्ग नै प्रभावित हुने र दैनिक ज्यालादारीमा काम गर्नेहरूको आय मर्ने गरी बन्द–हडताल गराउनु सरकारको असंवैधानिक कदमभन्दा पनि बढी आपत्तिजनक छ । यसले विरोधी खेमाप्रति समर्थन होइन, पाइआएको समर्थनको ओजलाई पनि हलुका तुल्याउनेमा राजनीति सचेत हुन सकेको छैन । अब बन्द–हडतालजस्ता विरोधका अराजक र घातक शैलीको सट्टा शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनको सान्दर्भिकता बढेर गएको छ। गरिखाने वर्गको दिनचर्या नबिथोलिने विरोधका स्वरूप र शैलीप्रति मात्रै सहयोग, सद्भाव र सहानुभूतिको सम्भावना हुनेछ ।

# बन्दको विरोध गर्नुपर्छ –अध्यक्ष गुप्ता

प्रस, परवानीपुर, २४ फागुन/

कम्प्युटर एशोसिएशन नेपाल महासङ्घ पर्साको तेस्रो साधारणसभा शनिवार वीरगंजमा सम्पन्न भएको छ। महासङ्घको जिल्ला कार्यसमिति अध्यक्ष दीपक साहको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल तेल, चामल, दाल उद्योग सङ्घका केन्द्रीय अध्यक्ष सुबोधकुमार गुप्ताले क्यानसँगको सहकार्यमा उद्योग–व्यवसायलाई पनि प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए । देशलाई डिजिटलाइज्ड गर्ने र अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने समयमा राष्ट्रको वर्तमान राजनीतिक परिस्थितिले समस्या उत्पन्न भएको गुप्ताले बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्यसमेत रहेका गुप्ताले बन्द–हडताल गरेर उद्योग–व्यवसायमा नोक्सानी ल्याउने कार्य कदापि सह्य नहुने धारणा राखे । बन्दकर्ताले बन्द गर्दैमा बन्द गर्ने र खोल भन्दैमा खोल्ने प्रवृत्तिको अन्त्य गरी सम्पूर्ण व्यवसायी एकताबद्ध भएर बन्दको विरोधमा उत्रिन उनले आग्रह गरे । आर्थिकरूपमा सशक्त भएर एकअर्कासँग हातेमालो गर्दै अगाडि बढ्नुको विकल्प नरहेको गुप्ताले जिकिर गरे ।




तस्वीर: प्रतीक

कार्यक्रममा क्यानका निवर्तमान केन्द्रीय अध्यक्ष हेमन्त चौरसिया, प्रदेश नं २ का अध्यक्ष आलोककुमार चौरसिया, नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का अध्यक्ष दीपेन्द्र चौहानलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

प्रविधिको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको भन्दै अब्दुल कलाम आजाद, विनोद सर्राफ र भानु वैद्यलाई सम्मानसमेत गरिएको थियो । कार्यक्रमको बन्दसत्रमा क्यान महासङ्घ पर्साका सचिव जीवनप्रकाश गुप्ताले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष सञ्जय सक्सेनाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । जिल्ला उपाध्यक्ष प्रशान्त कुमारले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण कार्यसमिति सदस्य आँशु सर्राफले गरेका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# वुहानको समुद्री खानामा कोभिड–१९ फैलिएको थियो : विश्व स्वास्थ्य सङ्गठन

मस्को, २४ माघ/सिन्ह्वा

वुहानको सामुद्रिक खाना राखिएको बजारमा कोभिड–१९ को सङ्क्रमण फैलिएको अनुमान गरिएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। विश्व स्वास्थ्य सङ्गठनका विशेषज्ञ अधिकारीहरूले चीनको वुहानमा पुगेर गरेको अनुसन्धानबाट यो देखिएको उनीहरूले जनाएका छन्।



चीनको वुहानमा विश्व स्वास्थ्य सङ्गठनका विशेषज्ञ अधिकारीहरू। तस्वीर: एपी

कोभिड भने अन्यत्र कतै उत्पत्ति भएको तर त्यही सामुद्रिक खाना तथा तरकारीहरूको बजारबाट यो विस्तार भएको अनुमान गरिएको विश्व स्वास्थ्य सङ्गठनका अधिकारीहरूले दिएको समाचारमा जनाइएको छ। चीनको वुहानमा यो सङ्क्रमण फैलिएको देखिएको हो। त्यस विषयमा अनुसन्धान गर्न विश्व स्वास्थ्य सङ्गठनले पहिल्यैदेखि चीन जान खोजेकामा चीन सरकारले दिएको थिएन।

हालै उनीहरूले सो क्षेत्रमा पुगेर अनुसन्धान गरेका थिए। त्यस क्रममा गरिएको अनुसन्धानबाट कोभिड यहाँको सामुद्रिक खानाहरूको बजारबाट विस्तार भएको पाइएको बताएका छन्। तर पनि यो सङ्क्रमण भने अन्यत्र कतै देखिएको ती विज्ञहरूले बताएका छन्। उनीहरूले कोभिड–१९ को भाइरस कहाँबाट उत्पत्ति भएको हो भन्नेबारेमा अनुसन्धान गरिरहेको बताएका छन्।

विश्व स्वास्थ्य सङ्गठनको टीमले वुहान शहरमा रहेको वुहान इन्स्टिच्युट अफ भाइरोलोजीको अध्ययन गरेका थिए र उनीहरूले सो संस्थाको ल्याबको पनि अनुसन्धान गरेका थिए। रासस

# भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ५० हजारभन्दा कम

नयाँ दिल्ली, २४ माघ/सिन्ह्वा

भारतमा शनिवार प्राप्त समाचार अनुसार कोरोना भाइरसका सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ४८ हजार ५९० मात्र रहेको छ।

भारतमा गत जनवरी १६ देखि कोभिड–१९ विरुद्धको खोप कार्यक्रम शुरू भएको छ। सो दिनदेखि हालसम्म करीब ५३ लाख व्यक्तिले खोप लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायः स्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या शुक्रवारसम्म एक करोड आठ लाख १४ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा ११ हजार ७१३ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड आठ लाख १४ हजार ३०४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिवार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ९५ जनाको मृत्यु भएपछि कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ९१८ जना पुगेको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड पाँच लाख १० हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा शुक्रवार १५४ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र दुईजनाको मृत्यु भएको छ। भारतमा कोभिड–१९ शुरू भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८७३ जनाको मृत्यु भइसकेको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले शुक्रवारसम्म देशभरि २० करोड ६ लाख ७२ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। शुक्रवार एकै दिनमा मात्र सात लाख ४० हजार ७९४ व्यक्तिलाई कोभिड–१९ परीक्षण गरेको शुक्रवार जनाइएको छ। रासस

# अमेरिकामा खोपका लागि सेना परिचालन गर्ने

वाशिङ्टन, २४ माघ/सिन्ह्वा

संयुक्त राज्य अमेरिकाले अमेरिकामा हालै शुरू भएको कोभिड–१९ विरुद्धको खोप दिने प्रयोजनका लागि सहयोग गर्न सेना परिचालन गर्ने भएको बताइएको छ।

पछिल्लो समयमा अमेरिकामा कोभिडका कारण ज्यान जाने नागरिकको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएकोले यसको सङ्क्रमणलाई कम गर्न यसका विरुद्धको खोप लगाउने कार्यक्रमलाई गति दिन थालिएको बताइएको छ।

अमेरिकाको फेडरल इमर्जेन्सी म्यानेजमेन्ट एजेन्सीले गरेको अनुरोधलाई यहाँको रक्षा मन्त्रालयले स्वीकार गरेको प्राप्त समाचारमा जनाइएको छ।

मन्त्रालयले सो इमर्जेन्सी विभागका लागि एक हजार ११० जना सैनिक खटाउने भएको जानकारी गराइएको छ।




तस्वीर: सिन्ह्वा

अमेरिकी रक्षामन्त्री लियोद अस्टिनसँग उक्त फेडरल ब्युरोले सेनाको सहयोगका लागि अनुरोध गरेको र उनले यसलाई स्वीकार गरेको समाचारमा जनाइएको छ।

सो सहयोग अन्तर्गत अमेरिकी रक्षा

अमेरिकी राष्ट्रपति जो बाइडेनले यही फेब्रुअरी १५ सम्ममा देशभर सबै नागरिकलाई आमरूपमा यो खोप दिने प्रयोजनका लागि कम्तीमा पनि १०० वटा खोप केन्द्र सार्वजनिक स्थलहरूमा राखिने भएको छ। रासस

## रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसोः ३:४० बजे

## आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – अलमल | कर्कट – कार्यनाश |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – धनखति | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**शीतलहरको समयमा चीसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले-**

- न्यानो कपडाको जोहो समयमैं गरौं।
- शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने ओढौं। घरभित्र राति सुत्दा शरीर र अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चीसोबाट जोगाउने कार्य गरौं।
- चीसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खानेकुरा खाने बानीको विकास गरौं।

मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मौलापुर, रौतहट

# सोनाम ल्होछारको अवसरमा शुभकामना कार्यक्रम

प्रस, पर्सागढी, २४ माघ/

पर्सागढी नगरपालिका–३ बडनियारको तम्बा छ्योलिङ विश्वउद्धार गुम्बाको आयोजनामा मञ्जुश्री संवत् २८५७ र सोनाम ल्होछार पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ।

सोनाम ल्होछार नेपालमा शेर्पा, लामा, भोटे, याल्मो, तामाङ, गुरुङ र थकाली जातिले मनाउने गर्छन्। पर्सा जिल्लामा पर्सागढी नगरपालिका र ठोरी गाउँपालिकामा यो पर्व मनाउने गरिन्छ।




तस्वीर: प्रतीक

गुम्बाका अध्यक्ष सुर्तीराम तामाङको अध्यक्षतामा भएको शुभकामना आदानप्रदान कार्यक्रमको उद्घाटन नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अजयकुमार चौरसियाले गरेका थिए। उनले सबै नेपालीबीच आपसी सद्भाव, माया, प्रेमको भावना जागृत हुनुपर्ने बताए। उनले धर्मले हाम्रो रीतिरिवाजका साथै नयाँ पुस्तालाई यसबारेमा जागृत गराउने गरेको बताए। कार्यक्रममा प्रदेशसभा सदस्य राजेश्वरसाह तेली, पर्सागढीका प्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, बहुदरमाई नगरपालिकाका प्रमुख नितेन्द्र साह, नेकपा पर्सागढी नगरका संयोजक विश्वमोहन चौधरी, नेकपाका नगरसंयोजक गोकर्ण पाठक, नेका बुथसभापति जङ्गबहादुर दास थारू, जसपाका नगरअध्यक्ष शेख खुर्सेद, वडाध्यक्षहरू किसुनदेवप्रसाद यादव, उद्धवबहादुर उप्रेती, वेदमानदास थारू, समसुद्दीन देवान, समाजसेवी अच्छेलाल यादवलगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा सुनील पण्डित, बुद्ध लामा, सुनीता तामाङ, सुनीता कार्कीलगायतले सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेका थिए।

कार्यक्रममा सुकमान तामाङले स्वागत र मनिता पाण्डेले सहजीकरण गरेकी थिइन्।

# सडक दुर्घटनामा दुईजना घाइते

प्रस, बिरुवागुठी, २४ माघ/

पर्सागढी नगरपालिका वडा नं ३ स्थित बिरुवाचोक र पारस पटेलचोकको बीच जनता सडकमा सडक दुर्घटना हुँदा दुईजना गम्भीर घाइते भएका छन्। गएराति रोकिराखेको ट्याक्टरलाई पछाडिबाट मोटरसाइकलले ठक्कर दिंदा मोटरसाइकलमा सवार दुईजना गम्भीर घाइते भएका हुन्।

राति १०:०० बजेको समयमा मिलनचोकतर्फबाट आउँदै गरेको ना.१त २७६१ नम्बरको ट्याक्टर ढलान मिक्चर जडान गरेको अवस्थामा सडकमा रोकिराखेको थियो।

सोही ट्याक्टरमा ना.१२प ८५५९ नम्बरको पल्सर मोटरसाइकल ठोकिंदा मोटरसाइकलमा सवार दुईजना गम्भीर घाइते भएका हुन्।

घाइते हुनेमा मोटरसाइकल चालक सखुवाप्रसौनी गाउँपालिका वडा नं १ निवासी वर्ष २५ को वीरेन्द्र उराव र मोटरसाइकल पछाडि बसेका वीरगंज महानगरपालिका वडा नं ३१ बस्ने वर्ष २६ को धर्मेन्द्रकुमार उराव रहेको प्रहरीले जनाएको छ।

उनीहरू दुवैको टाउको र छातीमा गम्भीर चोट लागेकाले वीरगंज हेल्थ केयर हस्पिटलमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरले बताएका छन्।

ट्याक्टर र मोटरसाइकल प्रहरी चौकी बिरुवागुठीले नियन्त्रणमा लिएको छ।

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
वीरगंज, पर्सा

## कम्पाउन्डवाल मर्मत सुधार तथा कार्यालय आवास भवन मर्मत सम्भारसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*प्रथमपटक प्रकाशित मिति २०७७/१०/२५ गते*

१. यस कृषि ज्ञान केन्द्रको श्रीपुर, वीरगंजस्थित कार्यालयको कम्पाउन्डवाल तथा कार्यालय परिसरमा रहेको आवास भवनहरू मर्मत सम्भार गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख भए अनुसार कार्य गर्न इच्छुक र इजाजतपत्र प्राप्त निर्माण व्यवसायी फर्म कम्पनीले देहायबमोजिमका शर्तमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म यस कृषि ज्ञान केन्द्रमा सम्बन्धित इजाजतप्राप्त निर्माण व्यवसायी वा अधिकारप्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र, आव २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु १०००/– (एक हजार मात्र)को सिलबन्दी दरभाउपत्र दस्तुर (पछि फिर्ता नहुने) तिरी निवेदनसाथ पेश गरी सिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ।

३. खरीद गरिएको सिलबन्दी दरभाउपत्र फारामका महलहरू स्पष्टरूपमा भरेर प्रत्येक पानामा सहीछाप गरी प्रथमपटक सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिनेछ।

४. सिलबन्दी दरभाउपत्र फाराम साथ जमानतबापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड वीरगंज शाखा आदर्शनगरमा रहेको धरौटी खाता नं १२५०१००२०२०३०००० मा कार्यालय कोड ३१२०१२२०१२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कृषि ज्ञान केन्द्र पर्साको नाममा जारी भएको नेपाल सरकार, नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको वाणिज्य बैकको इजाजतप्राप्त बैंकबाट सिलबन्दी दरभाउपत्र खोल्ने मितिले ७५ दिनको म्याद भएको बिडबन्ड संलग्न गर्नुपर्नेछ।

५. १६औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरू सोही दिनको १४:०० बजे यस केन्द्रमा सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र फारामहरू खोल्न बाधा पर्नेछैन। सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू बिदापछि कार्यालय खोलिएको दिनमा सोही समयमा हुनेछ।

६. प्राप्त भएका सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र फारामहरू उपर कुनै कारबाई हुनेछैन।

७. सिलबन्दी दरभाउपत्र फारामहरूका प्रत्येक आइटम दररेट भ्याटबाहेक अङ्क र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८. सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू सिलबन्दी दरभाउपत्र फारामहरूमा उल्लेख गरे अनुसार हुनेछन्।

९. सिलबन्दी दरभाउपत्रसम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचनापाटीमा टाँसिनेछ।

१०. सिलबन्दी दरभाउपत्रसम्बन्धी थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्र पर्सामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

| सिलबन्दी दरभाउपत्र फारामहरू ठेक्का नं | कामको नाम | लगत अनुमान रकम | लगत अनुमान रकम सिलबन्दी दरभाउपत्र फाराम दस्तुर | सिलबन्दी दरभाउपत्र जमानत रकम रु |
|---|---|---|---|---|
| ०२/२०७७/०७८ | कार्यालयको कम्पाउन्डवाल मर्मत सुधार | ८,४९,५१२/९६ | १,०००/– | २३,०००/– |
| ०३/२०७७/०७८ | कार्यालय परिसरमा रहेको आवास भवनहरू मर्मत सम्भार | ९,४०,४५१/३३ | १,०००/– | २५,५००/– |

# पर्सा सुनचाँदी व्यवसायी सङ्घको साधारणसभा

प्रस, वीरगंज, २४ माघ/

पर्सा सुनचाँदी व्यवसायी सङ्घको छैटौं साधारणसभा र अधिवेशन शनिवार नगर सभागृह वीरगंजमा सम्पन्न भएको छ।




कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष माणिकरत्न शाक्यले सुनचाँदी व्यवसायीले लाखौं कामदारलाई रोजगार प्रदान गर्दै आएको बताए। उनले वैदेशिक रोजगारमा जाने युवाहरूलाई सङ्घले रोजगार प्रदान गर्दै आएको भएपनि यसमा संलग्न व्यवसायीहरूलाई सरकारले हेर्ने नजरिया गलत रहेको बताए। उनले सरकारले सुनचाँदी व्यवसायीलाई तस्करको रूपमा हेर्ने गरेकोमा दुःख पनि व्यक्त गरे।

अध्यक्ष शाक्यले देशभरिका सुनचाँदी व्यवसायीलाई दैनिक १० किलो सुन सरकारले बिक्री गर्दै आएकोमा अपुग भएको बताउँदै कम्तीमा २५ किलो सुन उपलबध गराउनुपर्ने माग राखे। उनले सुनचाँदी व्यवसायीमा एकता आवश्यक भएको र एकताबाट मात्र आफ्नो हकअधिकार सुनिश्चित हुने बताए।

पर्सा शाखाका अध्यक्ष नीरजकुमार सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा महासङ्घका उपाध्यक्ष डियसरत्न शाक्य, शिवकुमार सर्राफ, महेन्द्ररत्न शाक्य, उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जन, प्रदेश २ का अध्यक्ष रामजी साह, महासचिव प्रवेश सर्राफलगायतले मन्तव्य व्यक्त गरेका थिए।

उद्घाटन सत्रमा पत्रकारहरू कन्हैयालाल केशरी, शेखर छतकुली, चन्द्रभूषण साह, युवराज खड्का र सुनचाँदी व्यवसायी वीरहर्ष शाक्यलाई सम्मान गरिएको थियो। उद्घाटनपछि आजै अधिवेशन हुने र नयाँ नेतृत्वको चयन गरिने बताइएको छ।

## खेलकुदको संसार

# पटेर्वासुगौली गोल्डकप : वीरगंज युनिटी सेमिफाइनलमा

प्रस, सेढवा, २४ माघ/

प्रथम पटेर्वासुगौली गोल्डकपको अन्तिम क्वाटरफाइनल खेलमा बिएफसी चितवनलाई चार गोलअन्तरले पराजित गर्दै वीरगंज युनिटी सेमिफाइनलमा प्रवेश गरेको छ।


तस्वीरः प्रतीक

शनिवार सम्पन्न अन्तिम क्वाटरफाइनल खेलमा वीरगंज युनिटीका विमल रानामगरले ह्याट्रिक गरे भने सन्त गुरुङले एक गोल गरेका थिए। आजको खेलमा म्यान अफ दि मैच वीरगंज युनिटीका विमल रानामगरलाई वीरगंज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख अरबिन्दलाल कर्णले नगद दुई हजार र ट्रफी प्रदान गरे।

भोलि आइतवारदेखि सेमिफाइनल खेल शुरू हुने आयोजक संस्था समता समाज नेपालका अध्यक्ष मधुकान्त चौधरीले बताए। पहिलो सेमिफाइनल खेल गढीमाई युथ क्लब अपौनी र वसन्तपुर युनाइटेड चितवनबीच हुनेछ।

# पत्रकार महासङ्घको शाखा अध्यक्षहरूको भेला प्रदेश कमिटीलाई सदस्यता सच्याउन आग्रह

प्रस, वीरगंज, २४ माघ/

नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का सातवटा शाखाका अध्यक्षहरूको जनकपुरमा भेला सम्पन्न भएको छ। भेलाले नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ कमिटीले शाखाको अधिकार कुण्ठित गरेको र विधानविपरीत सदस्यता वितरण, नवीकरण र थपघट गर्ने काम गरेको भन्दै उक्त निर्णय सच्याउन आग्रह गरेको छ।


तस्वीरः प्रतीक

प्रदेश २ का ८ वटा शाखामध्ये धनुषा, रौतहट, सप्तरी, सिराहा, बारा, पर्सा र सर्लाहीका अध्यक्षहरू क्रमशः अनिल मिश्र, रवीन्द्र साह, जीतेन्द्र खड्का, दिनेश्वर गुप्ता, कमल उपाध्याय, श्याम बन्जारा, विश्वनाथ ठाकुर सम्मिलित बैठकले सो निर्णय गरेको हो।

सातजना अध्यक्षले प्रदेश २ को फागुन १ गते वीरगंजमा हुने दोस्रो अधिवेशनअगावै सदस्यता वितरण र नवीकरणाको सन्दर्भमा देखिएका समस्याको समाधान गर्न माग गर्दै सो नगरिए अधिवेशनमा सहभागी नहुने चेतावनी दिएका छन्।

# हरि खेतानमा दृष्टि क्यान्सर सचेतना शिविर सम्पन्न

प्रस, वीरगंज, २४ माघ/

वीरगंजस्थित हरि खेतान बहुमुखी क्याम्पसमा गठित रिसर्च म्यानेजमेन्ट


तस्वीरः प्रतीक

सेलको आयोजनामा ब्रेस्ट क्यान्सर अवेयरनेस सेमिनार शनिवार सम्पन्न भएको छ।

सेलका संयोजक रञ्जना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली सेनाका डा श्रृष्टिना प्रधान मुख्य अतिथि थिए। सो अवसरमा डा प्रधानले ब्रेस्ट क्यान्सर हुने कारण, अपनाउनुपर्ने सावधानी र उपचारबारे जानकारी गराएकी थिइन्। क्यान्सर रोगबाट मुलुकमा बर्सेनि सयौंजनाको ज्यान जाने गरेको स्मरण गराउँदै उक्त रोगको लक्षण र रोकथामका उपायबारेमा सबैजनाले जानकारी लिन आवश्यक रहेको उनले बताइन्।

सेमिनार कक्षामा आयोजित कार्यक्रममा स्नातक र स्नातकोत्तर तहका छात्राहरूको सहभागिता थियो। सहायक क्याम्पस प्रमुख सीताराम शरणले स्वागत गरेको कार्यक्रममा लक्ष्मणबहादुर कुँवरले सहजीकरण गरेका थिए। सो अवसरमा हरि खेतान बहुमुखी क्याम्पसका प्रमुख डा भगवानप्रसाद यादवले प्रमुख अतिथि डा प्रधानलाई सम्मान गर्नुका साथै सेमिनारबाट लिएको शिक्षालाई गहनताका साथ व्यवहारमा उतार्न सहभागीहरूलाई आग्रह गरेका थिए।

## चरेससहित एकजना पक्राउ

प्रस, वीरगंज, २४ माघ/

जिल्ला प्रहरी कार्यालय पर्साले बहुदरमाई नगरपालिका–७ विश्रामपुरबाट



९ किलो २० ग्राम चरेससहित एकजनालाई पक्राउ गरेको छ।

शनिवार बिहान ११ बजे बहुदरमाई नपा विश्रामपुरस्थित मुस्लिम देवानको घरमा छापामारी गर्दा सो परिमाणको चरेस र चरेस बनाउन प्रयोग हुने तीन थान मेशिन र ९२० ग्राम लासा बरामद गरेको जिप्रका पर्साले जनाएको छ।

देवानलाई कसुर अनुसारको मुद्दा चलाउने र अनुसन्धान शुरू भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।




## वीरगंजमा काङ्ग्रेस....

भएको थियो।

काङ्ग्रेसको केन्द्रीय कार्यक्रम अनुसार राष्ट्रव्यापी विरोध प्रदर्शन भएको सो पार्टीले जनाएको छ।

प्रदर्शनमा काङ्ग्रेसनिकट नेपाल ट्रेड युनियन, कारखाना श्रमिक सङ्घ, किसान सङ्घ, नेविसङ्घ, ब्युटिशियन सङ्घ, शिक्षक सङ्घलगायत पेशागत विभिन्न सङ्गठनका कार्यकर्ताहरूको सहभागिता थियो।

जुलुसपछि नेका पर्साका सभापति अजयकुमार द्विवेदीको सभापतित्वमा भएको विरोधसभामा पूर्वसभासद् अनिलकुमार रूँगटा, जिल्ला सचिव श्याम पटेल, जिल्ला सदस्य सहरूमराउत गद्दीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# तपोवन सामुदायिक केन्द्रद्वारा स्वास्थ्य शिविर

प्रस, निजगढ, २४ माघ/

तपोवन सामुदायिक अध्ययन केन्द्र निजगढले शनिवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ। शिविरमा २३८ जनाले स्वास्थ्य परीक्षण गराएको आयोजक संस्थाका अध्यक्ष मीना लामाले जानकारी दिइन्।


तस्वीरः प्रतीक

निजगढ नगरपालिकाको आर्थिक सहयोग र मकवानपुर सहकारी अस्पताल हेटौंडाको स्वास्थ्य प्राविधिक सहयोगमा शिविर सम्पन्न भएको हो।

कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख सुरेशकुमार खनाल र उपप्रमुख लीलादेवी लामिछानेले मन्तव्य व्यक्त गरेका थिए।

स्वास्थ्य शिविरमा डा सुन्दरकुमार श्रेष्ठ, डा कमल दुवाडी, डा रामविद्या प्रसाद, डा आशिष् सुवेदी, डा हरिबहादुर खड्का र डा राघवेन्द्र ठाकुरले स्वास्थ्य परीक्षण गरेका थिए। शिविरमा निजगढ नगर स्वास्थ्य, नेपाल रेडक्रस सोसाइटी उपशाखा निजगढलगायतका सङ्घसंस्थाले सहयोग गरेका थिए।

आयोजक संस्था तपोवन सामुदायिक अध्ययन केन्द्र निजगढ र मकवानपुर सहकारी अस्पताल हेटौंडाले निश्शुल्क औषधि वितरण गरेको कार्यक्रम संयोजक कृष्णप्रसाद खरेलले जानकारी दिए। नगरपालिकाबाट संस्थाको कार्यालय व्यवस्थापन खर्चका लागि वार्षिक प्राप्त हुने रु पाँच लाख र सङ्कलित सहयोगबाट शिविर सञ्चालन गरिएको हो।

# रेडक्रसको ५२औं जिल्लासभा सम्पन्न

प्रस, वीरगंज, २४ माघ/

नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाको ५२औं जिल्लासभाको अधिवेशन सम्पन्न भएको छ।

रघुवीरराम महावीरप्रसाद त्रिजुद्ध माविमा आयोजित अधिवेशनको नेरेसो प्रदेश नं २ का अध्यक्ष फूलमहम्मद मियाँले उद्घाटन गरेका थिए।

शाखा अध्यक्ष वीरेन्द्रराज कँडेलको अध्यक्षतामा भएको उद्घाटन सत्रमा उपसभापति मधु राणाले स्वागत गरेकी थिइन् भने मन्त्री शैलेन्द्रकुमार चौरसियाले आव २०७६/७७ को प्रगति प्रतिवेदन र आउने वर्षको प्रस्तावित प्रतिवेदन प्रस्तुत गरेका थिए।

यसैगरी, कोषाध्यक्ष महन्तप्रसाद यादवले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा भुपेन्द्रलाल स्मृति पुरस्कारबाट रेडक्रसका पूर्वमन्त्री इन्द्रजीत श्रीवास्तवलाई सम्मानित गरिएको थियो। यसैगरी, रक्तदान कार्यक्रम आयोजना गर्ने संस्थाहरूलाई पनि सम्मानित गरिएको थियो।

उद्घाटन सत्रमा कोरोनाको महामारीमा खटेका एम्बुलेन्स चालक ममताज मियाँलाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको थियो।

कार्यक्रमको सहजीकरण उपमन्त्री साबिर अहमद एराजले गरेका थिए।

## चारजना महिलासहित...

थिए।

रक्तदान कार्यक्रममा लक्ष्मीदेवी चौरसिया, मनोजराउत कुर्मी, सङ्गीता दास, लक्ष्मी चौरसिया, सबाना आरिफ, रोशन जहान, सैफ अलि, इरफान अन्सारी, सलमान हवारी, मन्सुर हवारी, अब्दुल्ला मन्सुरी, तौहिद अन्सारी, सुनीलकुमार रौनियार, विजय सर्राफ, भीमशङ्करप्रसाद सोनार, बाबुराम कार्की, करण सर्राफ, सन्तोष ठाकुरलगायतले रक्तदान गरेका प्राविधिक झाले बताए।

कार्यक्रममा वडाध्यक्ष बैजुलाल स्वर्णकार, वप्रका बिर्ताका प्रनि राजेशराज पुरीलगायतको सहभागिता थियो।



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

